# १० परमेश्वरले दिनुभएको जीवनका सबै पक्षहरु र वातावरणलाई कसरी व्यवस्थित ढँगले चलाउने

*यस अध्यायको निम्ति पढ्नुहोस्:* भजन ८, उत्पत्ति २:१५, प्रकाश ४:११, प्रस्थान २०:८-११, १ कोरन्थी ३:१६।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो। उहाँले भन्नुभयो, 'तिमीहरूले बालबच्चाहरूलाई जन्माओ। सन्तानको गन्तीमा तिमीहरू वृद्धि होस्। सारा संसारमा तिमीहरूले नै भर। पृथ्वीलाई तिमीहरूको अधिनमा राख। पानीमा भएका माछ्रा र उड्ने चराचुरूङ्गीहरूलाई नियन्त्रण गर। जमिनमा हिंड्ने प्रत्येक जन्तुजनावरहरूमाथि तिमीहरूले नै शासन गर।'" (उत्पत्ति १:२८ रूपान्तरित)।

सबैकुरामा उपयुक्त भएको जुन पृथ्वीमा हामी छौं त्यो सृष्टिकर्ता परमप्रभु परमेश्वरले हामीलाई दिनुभएको उपहार हो। यो उपहार उहाँले हामीमाथि वर्षाउनुभएको प्रेमको उपज हो। आखिरमा परमेश्वरले नै "सारा स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुभएको थियो। (त्यसकारण) समुद्र र पानीका मुहानहरू बनाउनुहुने परमेश्वरको उपासना हामीले गर्नुपर्छ।" (प्रकाश १४:७ रूपान्तरित)। प्राकृतिक स्रोत र सम्पदाले भरिपूर गरि सृष्टि गर्नुभएको यस पृथ्वीमा परमेश्वरले मानिस जातिलाई राखिदिनुभयो। आफूसँग, एक अर्कासँग र यस प्राक्रितिक विश्वसँग मानव जातिहरूले सुमधुर सम्बन्ध राखियोस् भन्ने परमेश्वरको चाहना थियो। त्यसकारण यदि हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्त हौं भनेर दाबी गर्दछौं भने परमेश्वरको सेवा गर्ने क्रममा यस धर्तीलाई राम्रोसँग हेरचाह गर्नुपर्छ।

"मानिसको दरिद्रतासँग प्रदुषण गाँसिएको छ। परमेश्वरमाथि विश्वास गर्ने हैशियतले सबै मानिसको जीवन सहज र उत्तम बनाउने वाचा हामीले बाँध्नुपर्दछ। मानव जातको आवश्यकतालाई ध्यान मै राखेर हाम्रो वातावरणलाई सुव्यस्थित राख्ने हाम्रो लक्ष्य हुनुपर्दछ।......

"हामीलाई सुम्पिएको परमेश्वरका सृष्टिलाई व्यवस्थित ढँगले सम्माल्न हामी प्रतिज्ञा गर्दछौं। फेरि पापले गर्दा तहसनहस भएको यस पृथ्वीको पूर्ण जिर्णोद्धार त्यसबेलामात्र सम्पन्न हुनेछ जब परमेश्वरले सबै

थोक पून नयाँ गरि सृष्टि गर्नुहुनेछ।" "यस पृथ्वीको हेरचाह-बातावरण सम्बन्धी जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एडभेन्टिस्टको वक्तव्य। (रूपान्तरित)।

## १. सृष्टिमा मानिसलाई सुम्पिएको अभिभारा (भजन ८)

समुद्र, जमिन र वायुमण्डलका जीवहरूलाई नियन्त्रण गर्न परमेश्वरले आदमलाई अख्तियार दिनुभएको थियो भनेर उत्पत्ती १:२६मा बताइएको छ। नियन्त्रण गर्नुको अर्थ सबै जीवहरूमाथि शासन गर्नु वा त्यसमाथि आधिपत्य जमाउन शक्ति सम्पन्न हुनु हो। तर याद गर्नुहोस्, त्यो अख्तियार केवल जीवहरूमाथि मात्र शासन गर्न हो तर प्राकृतिक शक्तिहरू जस्तै हुरी, बतास, आँधी, तुफान, भुईंचालो आदिमाथी होइन। किनभने प्राकृतिक प्रकोप वा प्रकृतिका शक्तिहरूमाथि मानिसको अधिकार जमाउने बारेमा बाइबल मौन छ। फेरि त्यहि पद अनुसार यस पृथ्वीको स्वामित्त पनि आदमलाई नै सुम्पिएको थियो।

**भजन ८ पढ्नुहोस्। परमेश्वरले मानिसलाई कुन कुरामा सम्मानित गर्नुभएको थियो भनेर दाउदले व्यक्त गर्दछन्? "मानिसलाई आदर र मुकुट पहिराउनुभएको छ" (पद ५) र "आफ्नो हातका कामहरूमाथि तपाँईले त्यसलाई शासक बनाउनुभएको छ" (पद ६) भनेर व्यक्त गरेका भावनाहरूले यस धर्तीमा मानिसले कत्तिसम्म नियन्त्रण गर्न सक्दो रहेछ भन्ने कुरा के तपाईंलाई थाहा छ?**

आदम सृष्टि गरिसक्नुभएपछि परमेश्वरले उनलाई एउटा महत्त्वपूर्ण काम सुरूमा दिनुभएको थियो। त्यो थियो सारा जीवजन्तुहरूको नामङ्करण गर्नु (उत्पत्ति २:१९)। बाइबलको समयमा नामलाई धेरै अर्थपूर्ण रूपमा लिइन्छ। नामले नै त्यो मानिसको चरित्र र दर्जा देखाउँथ्यो। मानिसको पहिचान गर्न उसको नामले नै बताउँथ्यो। जब आदमलाई यावत चरा र जन्तु जनावरहरूलाई नाम दिन अधिकार दिइएको थियो, त्यसले ती जीवहरूमाथि आदमको स्वामित्त्वको प्रमाण देखाइएको थियो।

**यस धर्तीमा उब्जेका बनस्पतीहरूलाई स्याहारसुसार गरेर संरक्षण गर्नुपर्छ भनेर आदमलाई परमेश्वरले उत्पत्ति २:१५मा दिनुभएको कामको निर्देशन यस प्रकारको छः "तब परमप्रभु परमेश्वरले मानिसलाई बँगैचामा लानु**

**भयो अनि त्यसमा खन-जोत अनि हेरचाह गर्न उसलाई राख्नु भयो।" (रूपान्तरित)**

बँगैचाको हेरचाह गर्ने अभिभारा आदमलाई सुम्पिएको थियो। त्यसको अर्थ त्यस बँगैचालाई सुव्यवस्थित ढँगले सजाइ राख्नु र त्यसको आवश्यकताको परिपूर्ति गरिदिनु। त्यो कामको वाख्या गर्न हिब्रु भाषामा "एकएमआर (smr) प्रयोग गरिएको छ। त्यसको अर्थ "रखवाली," "सुरक्षा" वा "स्याहार" गर्नु हो। त्यो बँगैचा आदमले कमाएका नभएर परमेश्वरले उनलाई उपहारस्वरूप दिनुभएको थियो। त्यो परमेश्वरको प्रेमको उदाहरण थियो। सुन्दर बँगैचा सृष्टि गरिसकेपछि त्यसको खनजोत आदि गरेर ताजा गराइ राख्ने अभिभारा आदमलाई नै सुम्पनुको अर्थ सृष्टिको सुरूदेखि नै यस धर्तीको स्वामित्व मानिसको हातमा दिइएको थियो भनेर बताउँछ।

**वातावरण वा पर्यावरणको हेरचाह गर्नु हाम्रो कर्तव्य हो भन्ने सोचाइलाई सृष्टिकर्ता परमेश्वरमाथिको विश्वासले कस्तो प्रभाव पार्दछ? त्यहि सोचाइ र विश्वासलाई मध्य नजर राख्दा वातावरण सुरक्षाको नाउँमा अतिवादी हुनबाट पनि कसरी हामीलाई सुरक्षित राख्दछ?**

## २. अरू जीवजीवातहरूको हेरचाह (भजन ५०:१०)

**भजन ५०:१०मा परमेश्वरले जनावरहरूको बारेमा यसरी भन्नुहुन्छः "किनकि जङ्गलको हरेक वस्तु र हजारौं डाँडाहरूका गाईबस्तु मेरै हुन्।" उहाँका ती वस्तुहरूलाई हामीलाई जिम्मा दिएको छ भने त्यसप्रति हाम्रो सरोकार कस्तो हुनुपर्दछ?**

त्यहि सन्दर्भमा प्रकाश ४:११ले यसरी व्यक्त गरेको भावनाले सृष्टिकर्ता परमेश्वरमा विश्वास नगर्ने र गर्नेहरूमा भिन्नता छुट्याएको पाइन्छः "हे हाम्रा परमप्रभु अनि परमेश्वर। तपाईं महिमा, सम्मान अनि शक्ति ग्रहण गर्न योग्य हुनुहुन्छ। किनभने यावत थोकहरू तपाईंले नै सृष्टि गर्नु भयो। हरेक वस्तुको अस्तित्व तपाईंकै इच्छा अनुसार सृष्टि भएका हुन्।" (रूपान्तरित)।

**जन्तु जनावरहरूको सृष्टि कुनै आकस्मित ढँगले भएको थिएन। परमेश्वरले नै सुनियोजित ढँगले सृष्टि गर्नुभएको थियो। तिनीहरूमा जीवन होस् भन्ने उहाँको चाहना थियो। ती वस्तुहरूलाई कसरी स्याहार गर्नुपर्छ**

भनेर त्यस महत्त्वपूर्ण विद्याले हामीलाई सजग बनाउँछ। (त्यहि सन्दर्भमा प्रस्थान २३:५,१२, हितोपदेश १२:१० र लुका १४:५ पढ्नुहोस्)।

जब हामी पशुहरूलाई निर्दयतासाथ व्यवहार गर्दछौं तब हाम्रो चरित्रमा केहि खोट छ भनेर उदाङ्ग गर्दछ। जन्तुजनावरहरूको सुरक्षा गर्न धेरै संस्थाहरू स्थापना भएका छन्। यो असल कुरो हो।

फेरि कतिपय मानिसहरूले मानव जात पशुभन्दा मूल्यवान छैन भनेर सिकाउँदछन् पनि। मानिसलाई मात्र विशेष ध्यान किन दिनुपर्दछ र भनेर तर्क गर्दछन्। त्यस्ता धारणाहरू विकासवाद सिद्धान्तका उपज हुन्। ती विकासवाद सिद्धान्तले यो सिकाउँदछ कि मानिस र जनावरहरू केवल समय र संयोगले मात्र छुट्टिएका छन्, त्यसकारण मानिसलाई मात्र किन विशेष ध्यान दिने र? महिलाको कोषमा रहेको बालक वा भर्खर जन्मिएको बच्चा भन्दा माछा वा चल्लाहरूमा बढि व्यक्तित्व छ भनेर एक जना बुज्रुकले तर्क गरेको थियो।

जे भएतापनि मानिसलाई अवमूल्यन गर्ने तर्क बाइबलले सिकाउँदैन। जन्तु जनावरहरू भन्दा मानिस जातिलाई विशेष स्थान दिने परमेश्वरको योजना छ। (त्यस सन्दर्भमा उत्पत्ति ३:२१, प्रस्थान २९:३८ र लैव्यव्यवस्था ११:३ पढ्नुहोस्)।

जे भएतापनि विकासवाद सिद्धान्त अपनाउनेको मगजमा तपाईं घुसेर सोच्नुहोस्। जन्तु जनावरहरूलाई भन्दा मानवजातलाई विशेष ध्यान दिनु आवश्यक छैन भन्ने विकासवाद अपनाउनेको तर्कलाई सोच्नुहोस्। त्यस्ता अवधारणाहरूले हाम्रा विश्वास र सोचमा कस्तो असर पर्ने रहेछ चिन्तनमनन गर्नुहोस्।

## ३. पवित्र विश्रामबार शाबथ र वातावरण (प्रस्थान २०:८-११)

यस पृथ्वी ग्रहको स्याहार सुसार गर्ने काम परमेश्वरले हामीलाई सुम्पनुभएको छ भनेर हामीले पढ्यौं। पृथ्वीलाई व्यवस्थित ढँगले सम्हाल्नुको अर्थ हामीहरूको मनस्थितिलाई सृष्टिसँग गाँस्नु पनि हो। यस जगतको सृष्टि कसरी भयो सो धारणाले सृष्टिप्रति हाम्रो प्रभाव पार्दछ।

संसारमा भएका सबै थोक मेरै लागि हो, मेरै इच्छापूर्तीको निम्ति बनाइएको हो भन्ने मनस्थितिले गर्दा कतिपय मानिसहरूले यस धर्तीको दुरूपयोग गरिरहेको पाइन्छ। फेरि कतिपयले त यस धर्तीलाई

सम्हाल्नुको सट्टा देवता भनेर पूजा गरेर आफूले गर्नुपर्ने जिम्मेवारीबाट पन्छिन पनि खोज्दछन् ( यहि सन्दर्भमा रोमी १:२५ पढ्नुहोस्)। तर परमेश्वरले हाम्रो निम्ति सृष्टि गर्नुभएको यस संसारप्रति हाम्रो धारणालाई कस्तो संतुलनमा राख्नुपर्छ भनेर बाइबलले हामीलाई सिकाउँदछ।

यस सृष्टिलाई हामीले कसरी सम्हालेर राख्नुपर्छ भनेर परमेश्वरले प्रस्थान २०:८-११मा दिएको देहायको निर्देशनले हामीलाई कस्तो सन्देश दिँदछ? हेर्नुहोस्: "“विश्राम दिनलाई एक विशेष दिन भनी मान्नु पर्छ भनी सधैं ध्यानमा राख। **9** हप्तामा छ दिन आफ्नो काम गर। **10** “तर सातौं दिन परमप्रभु तिमीहरूका परमेश्वरको सम्मानमा विश्रामको दिन हो। यसर्थ त्यो दिन कसैले पनि काम गर्नु हुँदैन तिमीहरूका कमारा-कमारीहरू, छोरा-छोरीहरू अनि तिमीहरूका पशुहरू तथा तिमीहरूका शहरहरूमा भएका विदेशीहरूले पनि काम गर्नु हुँदैन। **11** किन? किनभने परमप्रभुले छ दिनमा आकाश, पृथ्वी, समुद्र अनि तिनीहरूमा भएका प्रत्येक चीज सृष्टि गर्नु लगाउनु भयो अनि सातौं दिनमा उहाँले विश्राम लिनु भयो। यस प्रकारले विश्राम दिनलाई परमप्रभुले आशीर्वाद दिनु भयो। त्यस दिनलाई परमप्रभुले विशेष दिन बनाउनु भयो।" (रूपान्तरित)।

“यस संसारलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो भन्ने सत्यलाई सँधै सम्झिरहोस् भनेर परमेश्वरले सातौं दिनको शाबथलाई एक स्मारकको रूपमा छुट्याउनुभएको थियो। यस दिनमा विश्रामको दिनलाई पालन गर्दा हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले परमेश्वर र उहाँको सृष्टिसँगको सम्बन्धलाई विशेष रूपमा नविकरण गरिरहन्छौं। सारा वातावरणप्रति हाम्रो सम्बन्ध कत्तिको महत्त्वपूर्ण छ भनेर शाबथ दिनको पालनाले देखाउँदछ।"-“सृष्टिप्रति हाम्रो हेरचाह-वातावरणको बारेमा वक्तव्य"बाट रूपान्तर गरिएको अंश।

परमेश्वरले नै हामी र हामी रहेका यस संसारलाई सृष्टि गर्नुभएको थियो भन्ने तथ्यलाई शाबथले औंल्याउँछ। अरू र यस धर्ती आफैलाई पनि आफूखुसी व्यवहार गर्ने अधिकार हामीलाई छैन भनेर शाबथले हामीलाई हरदम सम्झना गराउँदछ। यस पृथ्वीलाई सम्हाल्न परमेश्वरले हामीलाई नै प्रबन्धक नियुक्ति गर्नुभएको हो भनेर शाबथले नै सिकाउँदछ। यस धर्तीको प्रबन्धक भएको नाताले यसलाई सम्हाल्न

हामीलाई केहि जिम्मेवारी सुम्पिएको छ भनेर शाबथले नै औंल्याउँछ। हामीहरूको अधिनमा रहेका सबैलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर शाबथको निर्देशनले स्पष्टरूपमा देखाउँदछ।

**तपाईंको अधिनमा रहेका मानिसहरूलाई तपाईंको व्यवहार कस्तो छ, सोच्नुहोस्। तिनीहरूलाई सरसम्मान, न्यायोचित ढँगले, अनुग्रह, दयामाया र करूणा देखाएर व्यवहार गर्नुभएको छ कि? वा तिनीहरू तपाईंको अधिनमा छ भनेर जथाभावी दुर्व्यवहार गरेर तिनीहरूलाई शोषण गर्नुभएको छ? यदि तपाईंलाई अधिकार दिएको भनेर तपाईंका मातहतमा रहेका मानिसहरूलाई त्राही त्राही बनाउनुहुन्छ भने एक दिन तपाईंले त्यसको जवाफ परमेश्वरको सामु दिनुपर्नेछ।**

## ४. शरीरलाई स्वस्थ राख्ने हाम्रो अभिभारा (१ कोरन्थी ३:१६)

यस सृष्टिलाई “असल" मात्र नभएर “धेरै असल" बनाउने परमेश्वरको योजना थियो भनेर यस अध्ययन भरिहेरिरहेका थियौं। यावत थोक र सबैजना परमेश्वरको हातबाट सिद्धरूपमा सृष्टि भएका थिए। सृष्टिको सुरूमा बिमार, रोग र मृत्यु थिएन। तर विकासवाद सिद्धान्तले केहि फरक विद्या सिकाउँछ। रोग, बिमार र मृत्यु सृष्टिका भागहरू हुन् भनेर विकासवाद सिद्धान्तले सिकाउँछ। तर ती प्रतिकूल वातावरण केवल पापपछिमात्र यस संसारमा भित्रिएका थिए। हाम्रो स्वास्थ र त्यसलाई निरोगी पारिराख्ने विषयमा गम्भिर हुन चाहन्छौं भने बाइबलले सिकाएको सृष्टिको पृष्ठभूमि बुझ्नुपर्दछ।

यो शरीर परमेश्वरले हामीलाई दिनुभएको उहाँको मन्दिर हो, स्वस्थ जीवनशैली अपनाएर परमेश्वरलाई नै सुम्पनु परमेश्वरलाई दिने हाम्रो उपहार हो। त्यसलाई कसरी हिफाजत गरिराख्नुपर्छ भनेर पावलले हामी सबैलाई यस्तो निर्देशन दिन्छः “तिमीहरूले बुझ्नु पर्छ कि तिमीहरू परमेश्वरका मन्दिर हौ। तिमीहरूभित्र परमेश्वरको आत्माले बास गर्नुहुन्छ।“ (१ कोरन्थी ३:१६) र " तिमीले बुझ्नु पर्छ कि तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो। पवित्र आत्मा तिमीभित्र छ। परमेश्वरबाट तिमीले त्यो पवित्र आत्मा पाएकाछौ यसकारण तिमी आफ्नो मालिक होइनौ। 20 परमेश्वरद्वारा मोल तिरेर तिमी किनिएकाछौ। यसैले आफ्नो शरीरद्वारा परमेश्वरको सम्मान गर।" (१ कोरन्थी ६:१९,२०)।

हाम्रा मगजहरूलाई हाम्रै शरीरहरूले बोकेको हुन्छ। हाम्रो मगजद्वारा पवित्र आत्माले हामीसँग सम्वाद जारिराख्नुहुन्छ। यदि परमेश्वरसँग अर्थमूलक सम्बन्ध राख्न हामी चाहन्छौं भने हाम्रा शरिर र मगजलाई हेरचाह गर्नुपर्छ। तिनीहरूलाई स्वस्थ राख्नुपर्छ। यदि यस शरीरलाई हामीले दुर्व्यवहार गर्‍यौं भने शारीरिक, मानसिक र आत्मिक रूपमा भ्रष्ट बनाउँछौं। त्यसकारण यस शरीरलाई हिफाजत गरिराख्नु हाम्रो धर्म हो भनेर पावलका उपरोक्त निर्देशनहरूले स्पष्ट बताउँछन्। यस शरीरप्रति हाम्रो मनस्थिति कस्तो छ त्यसले यस जीवनमा मात्र होइन अनन्त जीवनसम्मै असर पार्दछ।

त्यसकारण यदि परमेश्वरसँग सम्बन्ध सुचारूरूपमा राखीराख्न हामी चाहन्छौं भने त्यसलाई हेरचाह गर्ने कर्तव्यलाई महत्त्वपूर्ण मान्नुपर्दछ। हो, कतिपय कुराहरूलाई हामी नियन्त्रण गर्न सक्दैनौं। हामीहरूको शरीरमा वंश वा पूर्खाबाट आएका केहि खराब जीन अर्थात् शुक्राणुहरू छन्, जस्तै चिनीको रोग, मुटुको रोग, बहिरा हुने रोग आदि। फेरि हामी सबै जना कुनै न कुनै रूपमा थाहै नपाइकन नराम्रो रसायनबाट असुरक्षित भएर बसेका हुन्छौं। केहि हदसम्म हामी सबैजना शारीरिक चोटपटकको जोखिममा पनि परिरहेका हुन्छौं जसले गर्दा हाम्रो शरीरलाई नराम्रो असर पार्दछ। ती सबै अवस्था परमेश्वरलाई थाहा छ। तर सकेसम्म हामीले यस शरीरलाई स्वस्थ राख्न हरदम प्रयास गरिनै राख्नुपर्दछ किनकि हामी परमेश्वरको प्रतिरूपमा बनाइएका हौं।

“शरीरलाई हिफाजत गरिराख्नुपर्छ भनेर येशूलाई विश्वास गर्ने अर्थात् उहाँप्रति आस्था राख्नेहरूले गम्भिररूपले थाहा पाओस्। शरीर वा स्वास्थलाई हेलचक्राइँ वा दुर्व्यवहार गर्दा आत्मिक जीवनमा खासै असर पार्दैन र त्यो पाप पनि होइन भन्ने मनस्थितिमा कोहि पनि पर्नुहुन्न। शारीरिक र नैतिक स्वभावको बीचमा घनिष्ट सम्बन्ध हुन्छ। शारीरिक व्यहोराले शुद्ध नैतिकतालाई उचाल्दछ वा थचार्दछ। त्यसकारण शारीरिक जीवनप्रणालीलाई स्वस्थ बनाइराख्ने आनीबानीलाई उत्साहित बनाइराखेन भने त्यसले आत्मिक स्वभावलाई खराब बनाउँदछ।"-एलेन जी ह्वाइट, *द रिभ्यु एण्ड हेराल्ड,* जनवरी २५, १८८१बाट रूपान्तरित।

## ५. परमेश्वरले हाम्रो हितको निम्ति सुम्पन्नुभएको यावत थोकलाई सम्हाली राख्ने निति (याकूब १:१७)

**“सबै असल कुरा परमेश्वरबाट आउँछ। अनि हरेक पक्का उपहार ज्योतिका पिता परमेश्वरबाट आएको हो। उहाँ परिवर्तनशील हुनुहुन्न। जसरी छायाँ सरिरहन्छ त्यसरी उहाँ सर्नुहुन्न।" (याकूब १:१७ रूपान्तरित)। याकूबको उपरोक्त मनतव्यले परमेश्वरबाट हाम्रो हितको निम्ति आएक प्रत्येक थोकलाई सम्हाल्ने हाम्रो धर्म हो भन्ने बाइबलको सिद्धान्तलाई कसरी आत्मसात् गर्ने?**

हामीले सम्हाल्ने मामिलामा केवल पैसामात्र हो भनेर कतिपटक सोच्दछौं। तर स्टुवार्डशीप अर्थात् व्यवस्थित ढँगले सम्हाल्नु भनेको पैसामात्र नभएर अरू पनि धेरै छन्। हामीहरूको पैसा, वातावरण, स्वास्थ आदि। हाम्रो मातहतमा रहेका कुराहरूलाई उचित ढँगले सम्हाली राख्न केहि नितिहरू छन्। ती निति सृष्टिसँग जोडिएको छ भनेर उत्पत्तिको पुस्तकमा पनि हामीले हेऱ्यौं। हामीलाई पाएका सबै उपहार तथा वरदानहरू परमेश्वरबाट नै आएको हुनाले तिनीहरूलाई सम्हाली राख्नु हाम्रो अभिभारा हो। त्यो असल भण्डारी हुनु हो अर्थात् हाम्रो जिम्मामा छोडेको कुरालाई व्यवस्थित ढँगले राख्ने नितिलाई अवलम्वन गर्नु हो।

**मत्ती २५:१४-३०मा येशूले एउटा अर्तिकथा भन्नु भएको थियो। त्यस कथामा एक जना साहुले आफ्ना कामदारहरूलाई तिनीहरूको हैशियत अनुसार लगानी गर्न केहि पैसा दिएर आफू विदेशमा हिंडेका थिए। जब ऊ फर्केर आउँछ त विभिन्न कामदारहरूले आफूले पाएको पैसालाई लगानी गरेर बढि पैसा कमाएका थिए। त्यो देखि साहु अत्यन्त खुशी भएको थियो। तर एक जनाले चाहिँ थोरै पाएकोले त्यसले त्यस पैसालाई गाडेर राखेको थाहा पाउँदा त्यो साहु अत्यन्त असन्तुष्ट भएको थियो। त्यो अर्तिकथा पढ्नुहोस् र हामीहरूको गच्छे अनुसार परमेश्वरले दिनुभएको वरदान वा उपहारलाई संरचित र चलानी गरिराख्नुपर्छ भन्ने नितिलाई हामीले कसरी बुझ्ने?**

“ उहाँको लागि सम्हाली राख्न ख्रीष्टले आफ्ना भक्तजनहरूलाई असल थोकहरू दिनुहुन्छ। प्रत्येक मानिसलाई उहाँले केहि न केहि काम दिनुहुन्छ। स्वर्गको अनन्त जीवनको योजनामा प्रत्येक मानिसको

निम्ति आआफ्नै भूमिका हुन्छ। ख्रीष्टसँग सहभागी भएर अरू मानिसहरूलाई मुक्ति दिने क्रियाकलापमा प्रत्येक भक्त क्रियाशील हुनुपर्दछ। स्वर्गमा हाम्रो निम्ति विशेष भवन वा स्थान येशूले तयार गरिरहनुभएको छ, तर यस संसारमा हामी प्रत्येकलाई चुनेर उहाँको निम्ति काम गर्ने स्थान उहाँले दिनुभएको भन्दा विशेष छैन।"-एलेन जी ह्वाइट, *क्राइष्ट अवजेक्ट लेसनस्,* पृ. ३२६,३२७बाट रूपान्तरित।

**तपाईंलाई दिइएको प्रतिभा वा दक्षताहरूलाई तपाईंले के गरिरहनुभएको छ? (प्रत्येक असल कुरा स्वर्गका ज्योतिको परमेश्वरले दिनुहुन्छ भन्ने याकूब १:१७लाई सम्झनुहोस्)। परमेश्वरको महिमाको निम्ति तपाईंले पाएका दक्षता वा प्रतिभालाई चलाउन तपाईं कत्तिसम्म सक्षम् हुनुहुन्छ? के तपाईंका वरदानहरूलाई परमेश्वरको अझ राम्रो सेवाको निम्ति चलाउन चाहनुहुन्छ?**

## उपसंहारः

<u>थप जानकारीः</u> "सेवाको निम्ति ख्रीष्टका भक्तहरूलाई छुट्ट्याइका छन्। जीवनको मूल उद्देष्य नै परमेश्वरको निम्ति सेवाकार्य गर्नु हो भनेर हाम्रा स्वामी ख्रीष्टले सिकाउनुभएको छ। ख्रीष्ट आफै पनि कार्यकर्ता हुनुभएको थियो। अनि उहाँका सबै भक्त जनहरूलाई सेवाको निति दिनुहुन्छ। परमेश्वरको र अरूको सेवा गर्नु नै त्यो निति हो । संसारका मानिसहरूलाई तिनीहरूले थाहा पाएको भन्दा जीवनको अति उच्च उद्देश्य ख्रीष्टले दिनुभएको छ। अरूको सेवामा संलघ्न हुने जीवन बिताउनुको अर्थ हो मानिसलाई ख्रीष्टको सम्पर्कमा ल्याउनु। सेवाभावनाको नितिमा चल्दा हामी परमेश्वरसँग सम्बन्ध गाँस्न पुग्छौं। हामीमात्र होइन हाम्रो कारणले अरू पनि परमेश्वरसँग सम्बन्ध गाँस्न पुगेको हुन्छ।"-एलेन जी ह्वाइट, क्राइष्ट अवजेक्ट लेसनस्, पृ. ३२६बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** परमेश्वरलाई विश्वास नगर्ने कतिपय मानिसहरूले मानवताको अवमूल्यन गरिरहेको पाइन्छ। तिनीहरूले भन्छन् मानिसले आफ्नो जीवनमा रमाइलो गर्न पाइयो भने त्यहि मानवता हो। बिमारी र बुढो मानिसलाई

भन्दा जवान, स्वस्थ चिम्पान्जी वा वनमान्छेलाई बढि ध्यान तिनीहरूले दिन खोजेका हुन्छन्। उदाहरणमा अस्ट्रेलियाको पिटर सिन्गरको अभिव्यक्ति हेरौं। अरू जन्तु जनावर भन्दा मानिसले किन बढि अधिकार पाउने भनेर उसले यसरी तर्क गर्दछः "मानिसले सबै प्राणीप्रति बढि चासो देखाउनुपर्दछ। कतिपयले भ्रुण हत्याको विरोध गर्दछन् तर तिनीहरूले कुखुरा, सुँगुर राँगाका मासुहरू खान्छन्। तिनीहरूले नै जनावरको हेरविचार भन्दा मानिसको कल्याणलाई बढि ध्यान दिन्छन्। यदि तपाईंले जनावरहरूलाई मानिससँग तुलना गर्दा मानिसले भन्दा जनावरहरूले नै आफ्नो ज्यानप्रति बढि संवेदनशील भएको तपाईं पाउनुहुन्छ।"- पिटर सिन्गर, राइटिङ्ग अन द इथिकल (अर्थात् उचित र अनुचित नितिलाई चुन्ने) लाइफ (न्यु योर्क, न्यु योर्कः द इको प्रेस, २०००), पृ. १५६बाट रूपान्तरित।

पिटर सिन्गर विकासवाद सिद्धान्तलाई मान्ने व्यक्ति हुन्। मानिस र जनावरको बीचमा खास केहि फरक छैन भनेर उसले विश्वास गर्दछ। अरू जनावरबाट विकसित हुँदै हामी केहि हदमामात्र फरक भएका हौं भनेर उसले विश्वास गरेको पाइन्छ।

मानिसलाई जनावरसँग तुलना गर्ने बानी किन गलत छ? येशूका भक्तहरूले त्यस्तो खालका विचारधारासँग कसरी सामना गर्ने?

आ. यदि हामीले सृष्टिको बारेमा ठिक धारणा राख्यौं भने मानिसका विभिन्न तर्कहरूबाट सुरक्षा हुन सक्छौं। नत्र यस संसार र वातावरणको बारेमा दर्शन वा ज्ञानी वा जान्नेसुन्ने मानिसहरूको नाउँमा प्रस्तुत गरेका धारणाहरूले हामीलाई सजिलैसँग बहकाई दिन सक्छ।